'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १७५ बुधवार ०७ फागुन, २०८१ 19 (Wednesday) February 2025 पृष्ठ ४, मूल्य रु : १०/-



*हुम्लाको एक मात्रै जिल्ला अस्पतालमा भर्ना भएका बिरामीका साथै बिरामी कुरुवा बसेका नागरिक काम गर्दै । यो उनबाट बनेको लिउ, फेरुवा लगायत बन्छन् ।*

*तस्बिर: सौजन्य सर्मिला गिरी*

## बाँके राष्ट्रिय निकुञ्ज :

# पर्यटक आकर्षणका योजना कागजमै सीमित

■ नमस्ते समचारदाता

बाँके, फागुन/०६




देशकै कान्छो बाँके राष्ट्रिय निकुञ्जले पर्यटक आकर्षित गर्ने योजनाहरू घोषणा गरे पनि कार्यान्वयनमा प्रभावकारी देखिएको छैन । बाघ संरक्षणका लागि स्थापना भएको यो निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकलाई लोभ्याउने प्रशस्त सम्भावना बोकेर पनि अपेक्षाकृत रूपमा उभिन सकेको छैन । निकुञ्ज २०६७ सालमा स्थापना भए पनि पर्यटक भित्र्याउने स्पष्ट 'रोडम्याप' नहुँदा विकासको गति सुस्त रहेको व्यवसायी अगुवा कृष्णप्रसाद श्रेष्ठ बताउनुहुन्छ । उहाँका अनुसार, "बाँके राष्ट्रिय निकुञ्जलाई प्रमुख पर्यटन गन्तव्यका रूपमा ब्रान्डिङ गर्नुपर्छ, तर सोही अनुसारको रणनीति अपनाइएको देखिँदैन ।'' निकुञ्जका अनुसार आव २०८०/८१ मा कुल ४४४ पर्यटक आए, जसमध्ये केवल १० जना विदेशी थिए । यो संख्या बढ्दै गए पनि पर्यटनको व्यापक विकासका लागि विशेष रणनीति आवश्यक रहेको निजी क्षेत्रको बुझाइ छ । निकुञ्ज प्रशासनले पर्यटक भित्र्याउन विभिन्न योजनाहरू ल्याएको भए पनि ती औपचारिक घोषणामै सीमित हुने गरेको व्यवसायीहरूको आरोप छ । होटल व्यवसायी संघ बाँकेका अध्यक्ष रंग खड्काका अनुसार, "बाँके निकुञ्जले जिल्लालाई के दियो र अब के दिन सक्छ भन्ने गम्भीर छलफल आवश्यक छ । वार्षिक सय-डेढ सय पर्यटकले ठूलो उपलब्धि मान्न सकिँदैन, ठोस रणनीति चाहिन्छ ।'' निकुञ्जले होमस्टे प्रवर्द्धन, राप्ती नदीमा बोटिङ, जंगल ड्राइभ, हात्ती सफारी, पदयात्रा जस्ता गतिविधिहरूको पूर्वाधार विकास गर्ने योजना बनाएको थियो । तर, कार्यान्वयनको अभावले ती व्यवसायिक रूपमा स्थापित हुन नसकेको पाइएको छ । बाँके निकुञ्जमा ११ दुर्लभसहित ३४ स्तनधारी जनावर, ५० दुर्लभसहित ३०० भन्दा बढी प्रजातिका चराचुरुंगी, ५५ भन्दा बढी माछाका प्रजाति छन् । बाघसँगै दुर्लभ चौकासमेत यहाँ पाइन्छ ।

*बाँकी ३ पेजमा...*

# लुम्बिनी प्रदेश सभाको हिउँदे अधिवेशन अन्त्य

■ सरला सुवेदी

बाँके, फागुन/०६



लुम्बिनी प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख कृष्ण बहादुर घर्ती मगरले प्रदेशसभाको पाँचौं (हिउँदे) अधिवेशन अन्त्य गर्नुभएको छ । नेपालको संविधानको धारा १८३ को उपधारा (२) अनुसार फागुन ६ गते मंगलबार राति १२:०० बजेदेखि लागू हुनेगरी अधिवेशन अन्त्य गरिएको हो । प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गरेको थियो । सोही आधारमा प्रदेश प्रमुखको कार्यालयले प्रदेशसभामा सूचना पठाएको छ । लुम्बिनी प्रदेशसभा नियमावली, २०७९ को नियम ३ को उपनियम (३) अनुसार प्रदेश सभा सदस्यहरूलाई जानकारी गराउन सूचना प्रकाशन गरिएको प्रदेश सभाका सचिव दुर्लभ कुमार पुन मगरले जानकारी दिनुभएको छ । पुस १६ गतेदेखि सुरु भएको यो अधिवेशनमा ११ वटा बैठक बसेका थिए । प्रदेशसभाका सचिव पुनका अनुसार अधिवेशनले लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान विधेयक र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक पारित गरेको छ । यसैगरी, यसअघि प्रदेश प्रमुखले प्रमाणीकरण नगरी फिर्ता पठाएका प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय निजामती सेवाको गठन, सञ्चालन तथा सेवाका सर्त सम्बन्धी विधेयक पनि पुनः हुबहु पारित गरिएको थियो । यस अधिवेशनमा प्रदेशको समसामयिक आर्थिक, सामाजिक र विकास निर्माणका विषयमा सांसदहरूबीच छलफल भएको थियो । विभिन्न मन्त्रालयका वार्षिक प्रतिवेदन, बजेट कार्यान्वयनको अवस्था तथा नीति कार्यक्रमको प्रगति समीक्षा सम्बन्धी विषयहरूमा समेत छलफल भएको बताइएको छ । प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिला मन्त्रीका अनुसार यो अधिवेशनमा भएका छलफलले प्रदेश विकास योजनाहरूको कार्यान्वयनलाई सहज बनाउने अपेक्षा गरिएको छ । प्रदेशसभा सदस्यहरूका अनुसार आर्थिक तथा प्रशासनिक सुधारका लागि पारित विधेयकहरू महत्वपूर्ण छन् । प्रदेशसभाको यो अधिवेशन समापनसँगै अब सरकारले आगामी नीति तथा कार्यक्रम, बजेट तथा नयाँ विधेयकहरूबारे तयारी गर्ने बताइएको छ । साथै, सरकारको आगामी योजनाहरूमा सांसदहरूको सुझावलाई समेत समेटेर अघि बढ्ने प्रदेश सरकारको धारणा रहेको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

सत्यवाणी :
भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता ।
- नेपाल पत्रकार महासंघ


# सम्पादकीय

## सहमति नै प्राथमिकतामा

लोकतान्त्रिक पद्धतिमा संसदीय गणितको विशिष्ट महत्व हुन्छ। बहुमत र अल्पमतका आधारमा विधि प्रक्रिया अगाडि बढ्ने गर्छन्। राज्यका तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामध्ये व्यवस्थापिकाले विधि निर्माण गर्छ । विधि निर्माणसँगै कार्यपालिकालाई पनि जन्म दिने कार्य व्यवस्थापिकाले नै गर्छ। व्यवस्थापिकाले निर्माण गरेको विधिकै आधारमा कार्यपालिकाले आफ्नो कार्यसम्पादन गर्छ। कार्यपालिकालाई व्यवस्थापिकाले निर्माण गरेको कानुनकै आधारमा अगाडि बढ्ने जनादेशसमेत हुन्छ तर कतिपय अवस्थामा व्यवस्थापिका अर्थात् संसद्को अधिवेशन नबसेको बेला कार्यपालिकाले अध्यादेशमार्फत अस्थायी तवरले विधि तय गरी अगाडि बढ्ने सुविधासमेत हुन्छ । संविधानले नै दिएको यो सुविधा बेलाबखत उपयोग गर्नुपर्ने हुन्छ। यो अस्थायी सुविधा भएकाले जारी अध्यादेश संसदीय प्रक्रियाबाट अगाडि बढाइ स्थायी विधि तय गर्नुपर्ने हुन्छ। वर्तमान सरकारले संसद्को चालु अधिवेशनअगावै केही अध्यादेश जारी गरेको थियो। अहिले ती अध्यादेश संसद्मा पुगिसकेका छन्। अब ती अध्यादेशलाई सकभर सहमतिकै आधारमा अगाडि बढाइने भएको छ। सत्ता साझेदार राजनीतिक दलको बैठकले सहमतिकै आधारमा अध्यादेश स्वीकृत गर्ने प्रक्रियामा जाने निर्णय गरेको छ। प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार सम्पन्न सत्ता साझेदार दलहरूको बैठकले यस्तो निर्णय गरी सहमतिलाई नै प्राथमिकता दिएको छ । संसदीय गणितभन्दा सहमतिबाटै अगाडि बढ्दा देशका मूलभूत समस्यासमेत समाधान गर्न सहज हुने सन्दर्भमा यो निर्णय सराहनीय देखिएको छ । मुलुकको अर्थतन्त्र चलायमान बनाउन कतिपय नीतिगत तथा कानुनी समस्या रहेको धेरैतिरबाट उठान हुँदै आएको विषय हो। बैक्त तथा वित्तीय संस्थाको ब्याजदर तल्लो विन्दुमा झरे पनि लगानी हुन सकेको थिएन। आन्तरिक लगानी हुन नसकिरहेको बेला बैक्त तथा वित्तीय संस्थामा झन्डै छ खर्ब रुपियाँ तरलता बसेको बेला पनि लगानीमा उत्सुकता देखिएको थिएन। त्यसैले केही कानुनी सुधार तत्कालै आवश्यक भयो । आन्तरिक लगानी प्रवर्धनका साथै बाह्य लगानीसमेत आकर्षित गर्न कानुनी सुधारमा सरकारले गहन गृहकार्य गरी केही कानुनी मसौदा तयार गर्न सफल भयो। ती कानुनी प्रावधान संसदीय प्रक्रियामा पुग्नुअगावै अध्यादेशमार्फत आउँदा लगानीकर्तामा आत्मविश्वास बढ्ने वातावरण देखियो। त्यसैले सरकारले सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश जारी गरेको थियो। त्यस्तै लगानी प्रवर्धनकै निम्ति निजीकरण (पहिलो संशोधन) अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशसमेत जारी गरिएको हो। सहकारीका समस्या समाधान गर्न पनि अध्यादेश जारी भएको थियो। ती सबै अध्यादेश संसद्मा विचाराधीन छन्। सकभर सहमतिकै आधारमा अगाडि बढाउने सत्तारूढ निर्णय परिपक्व छ। अध्यादेश संसदीय प्रक्रियामा पुगेपछि प्रतिस्थापन विधेयक ल्याउनुपर्ने हुन्छ। अध्यादेश प्रतिस्थापन विधेयक ल्याउँदा अन्य राजनीतिक दलसँग पनि संवाद गर्ने सत्तारूढ दलको बैठकले निर्णय गरेको छ। खास गरी संसद्को माथिल्लो सदन राष्ट्रिय सभामा अध्यादेश पारित गर्न सत्तापक्षसँग सामान्य बहुमत पुग्न नसक्ने चर्चाकै बिच सहमतिलाई प्राथमिकता दिने मार्ग अवलम्बन गरिएको हो। प्रतिनिधि सभामा सत्तारूढ दलहरूको झन्डै दुइ तिहाइ छ। राष्ट्रिय सभामा भने नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ठुलो दल देखिएको छ। सो दलको १७ सिट छ।

# जलाशययुक्त आयोजनाको खाँचो

**दिनेश लामा**




नेपालमा राणा प्रधानमन्त्री चन्द्रशमशेरले विक्रम संवत् १९६८ मा आफूहरूलाई सहज रूपले बत्ती बाल्न विद्युत् उत्पादनका लागि फर्पिङ जलविद्युत् आयोजना निर्माण गरेका थिए। त्यो नै नेपालको पहिलो जलविद्युत् आयोजना थियो। जसको प्रमुख उद्देश्य तत्कालीन शासकले बिजुली बत्तीको उपभोग गर्नु थियो। जलविद्युत् उत्पादनको थालनी विसं १९६८ बाट भए पनि २०४६ सालपूर्व नेपालको विद्युत् उत्पादनले गति लिन सकेको थिएन। २०४६ सालपूर्व तत्कालीन शासनव्यवस्थाले सरकारी लगानीबाट मात्र विद्युत् उत्पादन गरेको देखिन्छ. जसले गर्दा विसं १९६८ देखि २०४६ सालसम्म विद्युत् उत्पादनको दर अत्यन्त कम थियो। देशभित्र विद्युतीकरणसमेत सीमित क्षेत्रमा भएकाले यसको माग पनि कम हुनु स्वाभाविक थियो। यस्तो अवस्थामा विद्युत् उत्पादन कम भए पनि विद्युत्को माग र पूर्तिबिच त्यत्ति धेरै असन्तुलन थिएन।२०४६ सालको जनआन्दोलनबाट बहुदलीय व्यवस्थाको स्थापनासँगै नेपालले क्रमशः खुला र उद्धार अर्थनीति अँगाल्न थाल्यो। अर्थतन्त्रमा निजी क्षेत्रलाई बढावा दिने गरी सरकार अगाडि बढ्न थाले। कतिपय सार्वजनिक उद्योग, कलकारखाना निजीकरणसमेत हुन पुगे। उदार अर्थनीतिका कारण कतिपय ग्रामीण क्षेत्र क्रमशः सहरीकरण हुन थाले। ग्रामीण क्षेत्रमा सडक सञ्जालसँगै विद्युतीकरणको माग बढ्न थाल्यो, फलस्वरूप नेपालमा विद्युतीकरणले तीव्रता पायो। देशको समग्र अर्थतन्त्रमा खुला अर्थनीतिको प्रभाव परेसँगै उत्पादन र व्यापार एवं सेवाका क्षेत्रमा समेत निजी क्षेत्रको प्रभाव बढ्न थाल्यो। अन्य क्षेत्रमा जस्तै जलविद्युत् उत्पादनको क्षेत्रमा समेत निजी क्षेत्रलाई समावेश गर्ने नीति तर्जुमा भयो। निजी क्षेत्रको समेत लगानीका कारण विद्युत् उत्पादनको दर क्रमशः बढ्दै गयो। आजको अवस्थासम्म पुग्दा नेपालले तीन हजार मेगावाटभन्दा बढी जलविद्युत् उत्पादन गरेको देखिन्छ। यसरी हेर्दा पछिल्ला दुई दशकमा जलविद्युत् उत्पादनको क्षेत्रमा नेपालले फड्को मारेको छ। जसरी पछिल्लो दुई दशकमा विद्युत् उत्पादनको गतिले तीव्रता पायो, त्यसरी नै देशमा विद्युतीकरणको कार्यले समेत तीव्रता पाएको देखिन्छ। ९० प्रतिशतभन्दा बढी नेपालीको पहुँचमा विद्युतीय ऊर्जा पुगेको देखिन्छ। जुन नेपालको विकासका दृष्टिले प्रभावकारी कदमभन्दा फरक पर्दैन। नेपालमा भएको यस्तो विद्युतीकरणले देशभित्र विद्युत्को माग पनि निरन्तर बढिरह्यो। नेपालमा वर्तमान समयको विद्युत् उत्पादन र त्यसको माग तुलना गर्ने हो भने त्यहाँ तालमेल मिलेको देखिँदैन। एकातिर बर्सातको समयमा हामीले आफ्नो उत्पादनलाई पूर्ण रूपमा खपत गर्न सकेका छैनौँ भने सुक्खा समयमा हाम्रो उत्पादनले देशको माग धान्न सकेको देखिँदैन। नेपालले आफ्नो सबै आयोजनालाई पूर्ण क्षमता सञ्चालन गरेर विद्युत् उत्पादन गर्दा ३०० मेगावाटभन्दा बढी जलविद्युत् उत्पादन हुन्छ। यो अवस्था भने बर्सातको समयमा बाढीपहिरो जस्ता कुनै पनि असहज स्थिति सिर्जना नभएको अवस्थामा मात्र सम्भव हुन्छ। विशेष गरी साउनदेखि मङ्सिरसम्मको समय विद्युत् उत्पादनका लागि सबैभन्दा बढी प्रभावकारी हुन्छ। यो समयमा नेपालले आफ्नो पूर्ण क्षमताको उत्पादन उपभोग गर्न सक्दैन, यसको कारण विगत आर्थिक वर्ष २०८०/८१ देखि उक्त अवधिमा निर्यातसमेत गर्दै आएको छ। हिउँदको समयमा नदीनालामा पानीको बहाव कम हुने कारण विद्युत् उत्पादनसमेत न्यून हुन्छ, जसका कारण हाम्रो आन्तरिक माग पूरा हुन सक्दैन। आन्तरिक माग पूरा गर्न नेपाल विद्युत् प्राधिकरणले भारतसँग महँगो मूल्यमा विद्युत् आयात गर्छ। २०८१ मङ्सिर २३ गतेको एक दैनिकमा प्रकाशित समाचारलाई आधार मान्दा नेपालले २०२४ मार्च १५ देखि जुन ३० सम्मका लागि विद्युत्को माग पूरा गर्न भारतबाट प्रतियुनिट सात रुपियाँ ९८ पैसा भारु, नेपाली १२ रुपियाँ ७७ पैसाका दरले मूल्य तिरेर बिहान ६ देखि बेलुका ६ बजेसम्मका लागि मात्र ६५४ मेगावाट विद्युत् आयातको सम्झौता गरेको छ। जुन मूल्य हामीले भारतमा विद्युत् निर्यातबाट प्राप्त मूल्यभन्दा करिब दोब्बर रहेको देखिन्छ। चैत महिनादेखि नदीको बहाब बढ्ने कारण विद्युत् उत्पादनमा सुधार हुँदै जान्छ। साउन, भदौसम्म पुग्दा पूर्ण क्षमतामा उत्पादन हुन्छ। यसप्रकार बर्सात र सुक्खा समयको विद्युत् उत्पादन र मागबिचको तालमेल नहुँदा हामीले आफूले उत्पादन गरेको विद्युत् कम मूल्यमा निर्यात गरेर महँगो मूल्यमा आयात गरिरहेका छौँ। जसको प्रमुख उद्देश्य देशको विद्युत् माग र पूर्तिबिचको आपसी तालमेल मिलाउनु रहेको छ। यसरी नेपालको ऊर्जा क्षेत्रमा प्रयोग गरिने विद्युत्को माग र आपूर्तिबिच तालमेल हुन नसक्दा कुनै समयमा विद्युत् अभाव र कुनै समयमा विद्युत्को उत्पादन अधिक भएर खेर जान सक्छ। विद्युत्को उक्त दुवै अवस्था देशको आर्थिक विकासको दृष्टिले उपयुक्त छैन। विद्युत्को माग र आपूर्तिबिच तालमेल मिलाउन नसक्दा त्यसले समग्र अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव पर्न सक्छ।

**माग र आपूर्तिबिच तालमेल किन हुन सकेको छैन ?**

विद्युत् उत्पादन गर्ने तरिकाको आधारमा नदी प्रवाहका आधारमा रन अफ रिभर र जलाशययुक्त रिजर्भ्वायर विश्वमा प्रसिद्ध रहेको छ। नेपालमा नदी प्रवाहका आधारमा र जलाशययुक्त आयोजनाबाट विद्युत् उत्पादन गरिएको छ। नदीको बहाबका आधारमा विद्युत् उत्पादन गर्ने गरी निर्माण गरिएका आयोजनाबाट नदीमा पानीको बहाब जति बढ्छ त्यति नै बढी विद्युत् उत्पादन गर्न सकिन्छ। पानीको बहाब घटेसँगै विद्युत्को उत्पादनसमेत घट्दै जान्छ। जसले गर्दा यस्ता आयोजनाबाट बर्सातको समयमा बढी बिजुली उत्पादन गर्न सकिने र सुक्खा समयमा विद्युत् उत्पादन कम हुन्छ। जलाशययुक्त आयोजना अन्तर्गत विद्युत् उत्पादन गर्दा पानीलाई ताल बनाएर जम्मा गरिन्छ र मानवनिर्मित कृत्रिम तालबाट आवश्यकता अनुसार विद्युत् उत्पादन गर्न सकिन्छ। बर्सातको समयमा त्यस्ता ताल भरेर सुक्खा समयका लागि सञ्चित गरेर राख्न सकिन्छ र आवश्यकता अनुसार विद्युत् उत्पादन गर्न सकिन्छ। यसरी हेर्दा विद्युत्को माग र पूर्तिको सन्तुलन मेल हुन जलाशययुक्त आयोजनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। १९६८ सालबाट सुरु भएको विद्युत् उत्पादन वर्तमान समयसम्म पुग्दा ३०० मेगावाटभन्दा बढी भएको देखिन्छ, जुन हाम्रा सबै आयोजनालाई पूर्ण क्षमतामा सञ्चालन गर्न सक्दा मात्र सम्भव हुन्छ। यसरी यति ठुलो परिमाणमा विद्युत् उत्पादन गर्दा पनि अधिकांश आयोजना नदी प्रवाहका आधारमा नै रहेका छन्। नेपालमा अहिलेसम्म सरकारको पूर्ण लगानीमा सञ्चालित कुलेखानी आयोजनाबाहेक अर्को जलाशययुक्त आयोजना निर्माण हुन सकेको छैन। विसं २०३९ मा निर्माण सुरु भएको कुलेखानी आयोजनाको इन्द्रसरोवर तालबाट कुलेखानी प्रथम, कुलेखानी द्वितीय र कुलेखानी तृतीय आयोजना सम्पन्न भई २०७८ सालसम्म पुग्दा १०६ मेगावाट जलविद्युत् उत्पादन भएको देखिन्छ। यो आयोजना मात्र एउटा त्यस्तो आयोजना हो, जसबाट उत्पादित बिजुलीलाई देशको माग अनुसार प्रयोग गर्न सकिन्छ। अन्य त्यस्ता कुनै आयोजना सम्पन्न मात्र होइन, निर्माणको प्रक्रियामा समेत गएका छैनन्। नेपालमा पश्चिम सेती, बुढीगण्डकी, कालीगण्डकी -२, चिसापानी, पञ्चेश्वर, दुधकोशी, आँधीखोला, खिम्ती-२, लाङटाङ खोला, मध्य ईशानखोला, माथिल्लो सेती, कनकाई, नौमुरे जलाशययुक्त आयोजनाबाट मात्र पनि कुल १० हजार २०३ मेगावाट जलविद्युत् उत्पादन गर्न सकिन्छ। तिनीहरूमध्ये नौमुरे आयोजना २०६५ सालतिरै चर्चित थियो भने बुढीगण्डकी आयोजना निर्माणको प्रक्रियामा जान खोजे जस्तो देखिन्छ। विस्तृत प्रोजेट रिपोर्टसमेत तयार भई मुआब्जाको कामसमेत सुरु भइसकेको यो आयोजना समयमा निर्माण गर्न सरकारले तदारुकता देखाएको छैन। जबसम्म जलाशययुक्त आयोजना बढीभन्दा बढी निर्माण गरिँदैन, नेपालमा विद्युत्को माग र आपूर्तिबिच सन्तुलन कायम हुन सक्दैन। विगत दुई दशकदेखि निजी क्षेत्र जलविद्युत् उत्पादनमा प्रभावकारी ढङ्गबाट अघि बढे पनि उसले जलाशययुक्त आयोजनाको निर्माणमा लगानी गरेको देखिँदैन। विशेष गरी जलाशययुक्त आयोजना निर्माण गर्न बढी बजेट लाग्ने र यसबाट उत्पादित बिजुलीको प्रतिएकाइ उत्पादन लागतसमेत बढी हुने कारण निजी क्षेत्रले आफ्नो प्राथमिकतामा यसलाई राखेको देखिँदैन। नेपालले देशको ऊर्जा माग र आपूर्तिबिचको सन्तुलन कायम गर्न जलविद्युत् उत्पादनका लागि नयाँ नीति निर्माण गर्नु पर्छ। नदी प्रवाहका आधारमा भन्दा पनि जलाशययुक्त आयोजना निर्माण गर्न प्रोत्साहन हुने गरी देशको जलविद्युत् उत्पादन, बिक्रीवितरणसँग सम्बन्धित नीति तर्जुमा गरिनु पर्छ। जलाशययुक्त आयोजनाबाट विद्युत् उत्पादन गर्न सरकारले छुट्टै नीति तर्जुमा गर्न सकेमा मात्र राज्य एवं निजी क्षेत्रको लगानी उक्त क्षेत्रमा प्रभावकारी रूपले बढ्न सक्छ। अन्यथा नेपालले उत्पादन गरेको जलविद्युत्बाट पूर्ण रूपमा फाइदा लिन सक्दैन। विद्युत् सङ्कट र विद्युत् खपत हुन नसक्ने दुवै अवस्थाबाट देशको अर्थतन्त्रलाई समेत नकारात्मक प्रभाव पर्न सक्छ।

*-गोरखापत्र*

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# दुई महिनामा १२६ फरार आरोपित पक्राउ

■ नमस्ते समचारदाता

बाँके, फागुन/०६



जिल्ला प्रहरी कार्यालय बाँकेले गत दुई महिनाको अवधिमा १२६ जना फरार आरोपित पक्राउ गरेको छ । ती अपराधीलाई पुस र माघ महिनामा पक्राउ गरिएको हो । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रमुख एसपी तुल बहादुर कार्कीले जिल्लामा फरार यस्ता व्यक्ति पक्राउ गर्ने विशेष अभियान चलाइएको जानकारी दिनुभयो । गत पुस र माघ महिनामा मात्रै १२६ जना फरार अपराधी पक्राउ गर्न सफल भएको बताउनुभयो । उहाँले सो क्रममा लामो समयदेखि हत्या र अन्य ठुला अपराध गरेर अदालतबाट सजाय तोकिए पनि फरार रहेका केही अपराधीलाई समेत पक्राउ गर्न सकिएको बताउनुभयो। जिल्ला प्रहरी प्रमुख एसपी कार्कीले अदालतबाट दोषी ठहर भइ फरार रहेका ६१ जना अपराधीलाई माघ महिनामा मात्रै पक्राउ गरिएको जानकारी दिनुभयो । पक्राउ परेकाबाट २५ वर्ष ९ महिना २१ दिन कैद असुल हुनुका साथै २० लाख ६ हजार ७२७ रुपियाँ जरिवाना समेत असुल गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार सोही प्रकारले गत पुस महिनामा ६५ जना फरार अपराधीलाई पक्राउ गरिएको थियो। उनीबाट १९ वर्ष ४ महिना २७ दिन कैद असुल हुनुका साथै ५१ लाख ५५ हजार १३ रुपियाँ जरिवाना असुल गरिएको थियो। फरार अपराधीलाई पक्राउ गर्न प्रहरीको एक विशेष टोलीनै बनाएर मिसनमा खटाइएको र सो टोलीले उनिहरुको खोजी कार्य निरन्तर गरिरहेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी प्रवक्ता एवं डिएसपी आयुशप्रसाद जोशीले बताउनुभयो । उहाँले प्रहरीले सबै फरार अपराधीलाई पक्राउ गर्न विशेष योजना बनाएर टोली परिचालन गरेको बताउनुभयो । यसैबिच जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार माघ महिनामा कार्यालयमा १४६ वटा मुद्दा दर्ता भएकोमा १३५ जना व्यक्तिलाई पक्राउ गरी कानूनी दायरामा ल्याइएको छ। ५८ वटा पेन्डिङ मुद्दा पनि फस्यौंट गरिएको छ । सो अवधीमा ३९४ वटा ठाडो उजुरी पनि प्राप्त भएकोमा ३८७ वटा फस्यौंट भएका छन् भने बाँकी ७ वटा निवेदन फस्यौंटको तयारीमा रहेका छन् । माघ महिनामै महिला बालबालिकासम्वन्धी १० वटा मुद्दा दर्ता भएकोमा ९ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको, घरेलु हिंसा सम्बन्धी ४० वटा उजुरी प्राप्त भएकोमा ३३ वटा फस्यौंट भएको बाँकी अनुसन्धान कारवाही प्रक्रियामा रहेको, सामाजिक हिंसा सम्बन्धि २२ वटा उजुरी प्राप्त भएकोमा २१ वटा मिलापत्र गरिएको बाँकी प्रक्रियामा रहेको, हराएका महिला, बालबालिका तथा जेष्ठ नागरीक सम्बन्धमा ५५ वटा निबेदन प्राप्त भएकोमा २६ जना फेला पारी अभिभावकको जिम्मा लगाईएको र बाँकी खोजतलासको क्रममा रहेको, सिमानाकाबाट ११६ जना महिला, बालबालिका तथा जेष्ठनागरिकहरुलाई उद्धार गरिएको र अलपत्र अवस्थामा ५६ जनालाई फेला पारी ५१ जनालाई संरक्षणको लागि संस्थामा पठाईएको पनि जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ।

# 'छोरी बचाउ छोरी बनाउ' कार्यक्रम प्रभावकारी बन्दै

■ नमस्ते समचारदाता

बर्दिया, फागुन/०६




बर्दियाको गेरुवा गाउँपालिकाले सञ्चालन गरेको छोरी बचाउ छोरी बनाउ कार्यक्रम प्रभावकारी बन्दै गएको छ । आर्थिक वर्ष २०७४-०७५ देखि सञ्चालनमा आएको कार्यक्रम अन्तर्गत ५५६ जना बालिकाहरूको बालबचत खाता खोली रकम जम्मा गरिएको छ । आर्थिक वर्ष २०७४-७५ मा जम्मा ७४ जना बालिकाको नाममा खाता खोल्न लगाई गाउँपालिकाले दुई हजार रुपियाँ खातामा राखिदिएर कार्यक्रमको सुरुवात गरेको थियो । आर्थिक वर्ष २०७९-८० देखि पालिकाले कार्यविधि नै बनाएर बालबचत खातामा प्रति बालिका पाँच हजार रुपियाँ रकम राख्दै आएको छ । अभिभावकले खोलेको बालबचत खातामा गाउँपालिकाले रकम बचत जम्मा गरिदिने गरेको हो। गाउँपालिकाले सञ्चालन गरेको बालिका बचाउ कार्यक्रमबाट हालसम्म पाँच सय ५६ जना बालिका लाभान्वित भएका छन् । सुरुको वर्षमा कम सेवाग्राही उपस्थित भएपनि पछिल्लो वर्षमा एक सयभन्दा बढी बालिकाले सेवा लिने गरेका छन् । छोरी बचाउ कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको हालसम्म ७४ जनाले तिन लाख ३७ हजार रकम लिई सकेका छन् । अघिल्लो आर्थिक वर्षमा एक सय ३५ जना बालिकाले ६ लाख ७५ हजार रकम बैंक खातामा जम्मा गरेका थिए । बालबचत खातामा जम्मा गरेको रकम बालिका १८ वर्ष पुरा नहुँदा सम्म निकाल्न पाइदैन। गाउँपालिकाले खातामा राखिदिएको रकमको व्याज हरेक वर्ष जोडिँदै जाने गरेको छ । अधिकांश अभिभावकले छोरीका नाममा रहेको खातामा थप रकम जम्मा गर्दै आएका छन् । बालिकाले रकम पाउनका लागि अभिभावकको नागरिकता, विवाह दर्ता, जन्मदर्ता, खोप कार्डको प्रतिलिपि, वडा कार्यालयको सिफारिस, बैंक खाता नं. सहित जन्मेको ४५ दिनभित्र गाउँपालिकामा तोकिएको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले बालविवाह गरेका अभिभावकलाई छोरी बचाउ कार्यक्रममा समावेश नगर्ने हुनाले पनि बालविवाह कम गर्नका लागि सहयोग पुगेको महिला बालबालिका तथा जेष्ठनागरिक शाखाकी प्रमुख रमा पुनमगरले बताउनुभयो । उहाँका अनुसार पछिल्लो समयमा बालविवाह कम हुनुका साथै अभिभावकले समयमै बालबालिकाको जन्म दर्ता गर्न थालेका छन् । हाल गेरुवा गाउँपालिकामा बाल बचत खाता खोल्ने क्रम बढ्दै गएको छ । गाउँपालिकाले छोरीहरूको नाममा खाता खोल्न थालेपछि अभिभावकले छोराहरूको नाममा पनि खाता खोल्ने क्रम बढ्दै गएको छ । पछिल्लो समयमा छोरी जन्मेपछि हेरिने दृष्टिकोण समेत परिवर्तन भएको छ । गाउँपालिकाले खोली दिएको खातामा अभिभावकले समेत बचत गर्न थालेको गाउँपालिकाका अध्यक्ष जमान सिंह केसीले बताउनुभयो। उहाँले छोरीहरू प्रतिको विभेद अन्त्य गर्नका लागि आफूले अघिल्लो चुनाव जितेपछि पहिलो कार्यक्रम ल्याएको बताउँदै उद्देश्य अनुसार नै काम भइरहेको बताउनुभयो । गेरुवा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत नर बहादुर चन्दले बालिकाको संरक्षणका लागि कार्यविधि नै बनाएर छोरी बचाउ कार्यक्रम लागु गरिएको बताउनुभयो । छोरी माथी हुने विभेद अन्त्य गर्नका लागि सुरु गरिएको कार्यक्रमले २० वर्षपछि विवाह गर्ने र समय मै बालबालिकाको जन्मदर्ता गर्ने प्रचलन बढ्दै गएको बताउनुभयो ।

# लुम्बिनी मन्त्रिपरिषद् बैठकका चार निर्णय

■ नमस्ते समचारदाता

दाङ, फागुन/०६



लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले विभिन्न महत्त्वपूर्ण निर्णयहरु गरेको छ । मङ्गलबार मुख्यमन्त्री चेत नारायण आचार्यको अध्यक्षतामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यक (देउखुरी)मा सम्पन्न बैठकले विभिन्न चार वटा निर्णय गरेको हो। बैठकले उजिरसिंह रंगशाला निर्माणका लागि आवश्यक बजेट तथा अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ। प्रदेश पूर्वाधार विकास प्राधिकरणलाई उक्त रंगशाला निर्माण कार्यान्वयन गर्न जिम्मेवारी दिने निर्णय गरिएको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले जानकारी दिनुभयो । प्रदेश सरकारको निर्णयअनुसार चालु आर्थिक वर्ष २०८१-८२ का लागि तीन करोड बजेट विनियोजन गरेको थियो । अब उक्त बजेट प्रदेश पूर्वाधार विकास प्राधिकरणलाई निकासा गर्दै निर्माण कार्यलाई अघि बढाइने छ । यसअघि, सामाजिक विकास मन्त्रालयमार्फत सञ्चालन हुँदै आएको उक्त आयोजना हालै गठन भएको युवा तथा खेलकुद मन्त्रालयमा हस्तान्तरण गरिएको थियो । रंगशाला निर्माण स्थल वन क्षेत्रमा पर्ने भएकाले नेपाल सरकार मन्त्रिपरिषद्ले गत असोज १८ गते वन क्षेत्र प्रयोग गर्ने स्वीकृति प्रदान गरेको थियो। हाल निर्माण प्रक्रियालाई अघि बढाउन प्रदेश सरकारको मन्त्रिपरिषद्ले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिअनुसार आवश्यक बजेट व्यवस्थापनको निर्णय लिएको हो। यस्तै, बैठकले प्रदेश पूर्वाधार विकास प्राधिकरणका उच्च स्तरीय निर्देशक समितिका विज्ञ सदस्यहरूको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको छ। भू-प्रविधि विज्ञ मन्दीप सुवेदी र कानून विज्ञ पदमप्रसाद वैदिकले दिनुभएको राजीनामा स्वीकृत गर्ने निर्णय गरिएको हो । यस्तै वन तथा वातावरण मन्त्रालयको प्रस्तावअनुसार वन क्षेत्रभित्रका खोलाखोल्सी व्यवस्थापन कार्यविधि, २०८१ पहिलो संशोधन लाई स्वीकृति प्रदान गरिएको छ । यस्तै सामाजिक विकास मन्त्रालयले प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६ को तेस्रो संशोधनका लागि प्रस्ताव गरेको थियो, जसलाई मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गरेको छ।

## पर्यटक...

तर, यी विविधताहरूलाई पर्यटक तान्ने माध्यमका रूपमा प्रभावकारी प्रचार गर्न नसकिएको स्थानीय पर्यटन व्यवसायीहरू बताउँछन् । निकुञ्जको अगैया क्षेत्रमा बोटिङ, सूर्यास्त अवलोकन, ज्याफ्टिङ, जंगल सफारी जस्ता गतिविधिका सम्भाव्यता अध्ययन भए पनि हालसम्म पूर्णरूपमा सञ्चालन हुन सकेका छैनन् । गाभर क्षेत्रमा वार्षिक २५ हजार आन्तरिक तथा बाह्य पर्यटक पुग्ने भएकाले त्यस क्षेत्रलाई निकुञ्जसँग जोडेर प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ । स्थानीय स्तरमा थारु, मुगाली, हुम्ली संस्कृतिको मिश्रण पाइने गाभर क्षेत्रलाई पर्यटन हबका रूपमा विकास गर्न सकिने सम्भावना रहे पनि पर्यटकलाई निकुञ्जसम्म पुऱ्याउने स्पष्ट योजना बनाउनुपर्ने सरोकारवालाहरूको सुझाव छ। बाँके राष्ट्रिय निकुञ्जले वन्यजन्तु संरक्षणका क्षेत्रमा प्रगति गरे पनि पर्यटन प्रवर्द्धनको पक्ष कमजोर छ । पर्यटक आकर्षणका योजना केवल कागजमा सीमित राख्ने हो भने निकुञ्जको वास्तविक सम्भावना खेर जाने व्यवसायीहरू बताउँछन् । अबको प्राथमिकता भनेको योजनाहरूको प्रभावकारी कार्यान्वयन गरी बाँके निकुञ्जलाई पर्यटन गन्तव्यका रूपमा स्थापित गर्नु हो ।




# पीडित भेट्न बस्तीमै पुग्छन् प्रहरी

■ नमस्ते समचारदाता

कपिलवस्तु, फागुन/०६

इलाका प्रहरी कार्यालय गोरुसिङ्गेले सेवा ग्राहीलाई थप प्रभावकारी सेवा दिन नयाँ पहल थालेको छ। कार्यालयमा निवेदन दिएका पीडितहरूलाई फलो अप भिजिट गर्न सुरु गरेको छ। न्याय प्राप्तिको प्रक्रिया छिटो र सहज बनाउन सहयोग गर्ने र प्रहरीको व्यवहार सेवाग्राहीको अपेक्षा सङ्कलन गरी कार्यान्वयन गर्ने उद्देश्यले निवेदन दर्ता गरेका पीडितलाई घरमाबा टोलमा गई भेटघाटको अभियान सुरु गरिएको छ। यो अभियान अन्तर्गत निवेदन दिएका पीडित सेवाग्राहीको अवस्था बुझ्नका लागि प्रहरी टोली स्वयं उनीहरूको घर वा सम्बन्धित स्थानमा पुग्नेछ । यसरी प्रत्यक्ष रूपमा भेटेर जानकारी लिँदा मुद्दा समाधान प्रक्रियालाई प्रभावकारी बनाउन सहयोग पुग्ने प्रहरी निरीक्षक सुनारले बताउनुभयो । प्रहरी निरीक्षक सुनारका अनुसार पीडितलाई सहज न्याय दिलाउन लागेका छन् । पीडितले प्रहरी कार्यालयमा आएर निवेदन दिएपछि उनीहरूको समस्या समाधान भए वा भएन भन्ने बुझ्न आवश्यक देखेर हामीले यो अभियान सुरु गरेका छौं, सुनारले भन्नुभयो । प्रहरी कार्यालयले हालसम्म विभिन्न मुद्दा तथा उजुरीहरूमा फलो अप गर्दै दुई सय बढी पीडित सेवाग्राहीसँग प्रत्यक्ष भेटघाट गरिसकेको जनाएको छ । पीडितको घरमै गएर अवस्था बुझ्ने, अनुसन्धानको प्रगतिबारे जानकारी दिने र आवश्यक सहयोग प्रदान गर्ने कार्यले प्रहरी प्रशासनप्रति नागरिकको विश्वास बढाउने बुद्धभूमि नगरपालिका ३ का वडाध्यक्ष गोविन्द प्रसाद आचार्यले बताउनुभयो ।

# अलपत्र रारा पर्यटन पदमार्ग, साइकल लेनको उस्तै बिजोग

नमस्ते समचारदाता
मुगु, फागुन/०६



कर्णाली प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य रारातालमा निर्माणाधीन रारा पर्यटन पदमार्गको निर्माणकार्य अलपत्र परेको छ । खानी थोदुङ क्याराभान कन्ट्रक्सन प्रालिले निर्माणको जिम्मा पाएको उक्त आयोजना निर्माण कम्पनीकौ लापरवाहीले अलपत्र परेको हो । डिभिजन वन कार्यालय मुगुका निमित्त कार्यालय प्रमुख गोबिन्द्र महतका अनुसार रारा पर्यटकीय पदमार्ग निर्माणका लागि सङ्घीय सरकार र कर्णाली प्रदेशको वन तथा वातावरण मन्त्रालय अन्तर्गत आर्थिक वर्ष ०७८-७९ को बजेटमा ४५ करोड २९ लाख १० हजार ७९ रुपियाँमा खानी थोदुङ क्याराभानले २०७९ असारमा निर्माणको जिम्मा पाएको थियो । १४ किलोमिटर लामो पदमार्गका पूर्वाधार निर्माण हुन नसक्दा पर्यटकलाई आउजाउमा समस्या भएको स्थानीय नन्द्र बहादुर रोकाया बताउनुहुन्छ । राराको नाममा यस्ता विकास निर्माणसम्बन्धी योजना धेरै आएको सुनिने तर कार्यान्वयन नभएको उहाँको भनाइ छ । निर्माण कम्पनीको दोष मात्र भन्दा पनि सरकारी निकायले समेत योजना अगाडि बढाउन चासो नदेखिएको उहाँको भनाइ छ । एकातिर समयमा काम नहुने अर्कोतिर काम सञ्चालन हुन नसक्दा स्थानीयको रोजगार पनि खोसिएको जिल्ला नागरिक समाजका संयोजक रुप बहादुर मल्ल बताउनुहुन्छ । यस्ता निर्माण कम्पनीलाई सम्बन्धित निकायले निकासा भए बमोजिम रकमको ब्याज असुल नगरेमा सम्बन्धित निकाय र निर्माण कम्पनीलाई सम्बन्धित निकायमा उजुरी गर्नुपर्ने उहाँको भनाइ छ । यता निर्माण कम्पनी जेविका सहायक सञ्चालक ध्रुव शाहीका अनुसार रारामा चिसोको कारणले काम गर्न नसकिएको उहाँको भनाइ छ ।

**यता साइकल लेनको उस्तै बिजोग**

शङ्कर मालिका कन्स्ट्रक्सन प्रालिले जिम्मा पाएको रारा पर्यटकीय पूर्वाधार साइकल लेनको निर्माणकार्य २०७७ देखि अलपत्र छ । डिभिजन वन कार्यालयसँग सम्झौता भएको कार्यालय प्रमुख महतले भन्नुभयो । निर्माण कम्पनीले काम सञ्चालन गर्नलाई पहिलो किस्ता एक करोड रुपियाँ पेश्की लिएको देखिन्छ । छायाँनाथ रारा नगरपालिका-९ का स्थानीय समाजसेवी बिर्ख बहादुर रोकायाका अनुसार रारा साइकल लेन निर्माणकार्यका लागि ल्याइएका गैर स्थानीय सामग्री ईँटा, कंक्रिट यत्रतत्र फालिएका छन् । निर्माण कम्पनीको लापरवाहीका कारण काम अगाडि बढ्न नसकेको उहाँको भनाइ छ। यता डिभिजन वन कार्यालय मुगुका कार्यालय प्रमुख गोविन्द महतले बहुवर्षीय योजना भएकोले २०८२ सालसम्म सक्नुपर्ने भए पनि आजसम्म ठेक्का कम्पनीको लापरबाहीले काम अगाडि नबढेको र निर्माण कम्पनी पनि अहिलेसम्म सम्पर्कमा नआएको बताउनुभयो । रारा राष्ट्रिय निकुञ्जका कार्यालय प्रमुख महेश न्यौपानेका अनुसार रारा राष्ट्रिय निकुञ्जभित्र पर्यटकीय पूर्वाधार निर्माण कार्यमा छिटोछरितो काम नभएको बताउनुहुन्छ । रारामा पर्यटकीय पूर्वाधार निर्माण समयमै सम्पन्न नहुँदा रारा घुम्न आउने पर्यटकलाई असहज भएको उहाँले गुनासो सुनाउनुभयो । सम्बन्धित निकायले पर्यटन पूर्वाधार समयमै सम्पन्न गरेमा रारा तालको आकर्षणले पर्यटक पनि भविष्यमा बढ्ने उहाँको भनाइ छ । डिभिजन वन कार्यालयको सहजीकरणमा रारामा सञ्चालन भएका योजना, रारा पर्यटन पदमार्ग र रारा साइकल लेन यी दुबै योजना अलपत्र परेका छन् ।

# जीर्ण बन्दै करोडौँका होल्डिङ सेन्टर



नमस्ते समचारदाता
कैलाली, फागुन/०६

कैलालीको धनगढी उपमहानगर पालिका-३, बडहरामा करोडौँ रकम खर्चेर बनाइएको होल्डिङ सेन्टर जीर्ण बन्न थालेको छ। निर्माण पूरा भएको तीन वर्षसम्म प्रयोगमा नआउँदा होल्डिङ सेन्टर जीर्ण बन्न लागेको हो। कोभिड-१९ महामारीको क्रममा गौरीफन्टा नाका भएर भारतबाट फर्कनेको व्यवस्थापनका लागि मोहना सामुदायिक वन क्षेत्रमा होल्डिङ सेन्टर बनाइएको थियो तर २०७८ जेठ मसान्तमा होल्डिङ सेन्टर निर्माण पूरा हुँदासम्म महामारी घटेर अवस्था सहज बन्दै गएपछि होल्डिङ सेन्टर प्रयोगमा आउन सकेन। सेन्टर प्रयोगमा नआउँदा दिनप्रतिदिन जीर्ण बन्दै गइरहेको वडाध्यक्ष राजबहादुर ऐरले बताउनुभयो। उहाँले भन्नुभयो, "नेपाल सरकारले यसलाई हस्तान्तरण गर्न खोजेको सुनेका छौँ। त्यसैले धनगढी उपमहानगर पालिकाले लिने भनेर हामीले छलफल चलाइरहेका छौँ ।"

"होल्डिङ सेन्टरमा बालबालिका अस्पताल चलाउनका लागि पनि केही वर्ष पहिले कुरा अगाडि बढाइएको थियो," उहाँले भन्नुभयो, "तर त्यसले सार्थकता पाएन।" सङ्घीय सरकारले आर्थिक वर्ष २०७८/७९ मा २८ करोड ८१ लाख १२ हजार रुपियाँ खर्चेर बनाएको होल्डिङ सेन्टर कसलाई सुम्पिने भन्ने नै अहिलेसम्म टुङ्गो लागेको छैन। तत्कालीन समयमा नेपाली सेनाको अनुगमन र व्यवस्थापनमा निर्माण भएकाले होल्डिङ सेन्टरको हेरचाह सेनाको भवानी दल गण बोराडाँडीले गर्दै आएको छ। होल्डिङ सेन्टरको सुरक्षाका लागि त्यहाँ निर्माण पूरा भएदेखि नै नेपाली सेना खट्ने गरेका छन्। होल्डिङ सेन्टर कसलाई हस्तान्तरण गर्ने भन्ने नै अहिलेसम्म अन्योल रहेको जिल्ला प्रशासन कार्यालय कैलालीका सूचना अधिकारी शिवराज जोशीले बताउनुभयो। उहाँले भन्नुभयो, "जिल्ला प्रशासन कार्यालयलाई हस्तान्तरण गरिने हो वा धनगढी उपमहानगर पालिकालाई दिइने हो ? त्यसबारे अहिलेसम्म केही टुङ्गो लागेको छैन।" कोभिड-१९ को कहर सुरु भएपछि भारतबाट फर्किने नेपाली कामदारलाई गौरीफन्टा नाकामा थेग्न हम्मे भएको थियो। नाकाबाटै महामारी अझ फैलिएको देखिएपछि स्वदेश फिर्ता हुनेलाई छुट्टै र सुरक्षित स्थानमा केही दिन होल्ड गर्नका लागि होल्डिङ सेन्टर निर्माण भएको थियो। २०७८ असार ३ गते ठेक्का पाई हनुमान कन्स्ट्रक्सन प्रालिले निर्माण कार्य थाले पनि तोकिएको निर्माण अवधि भदौभित्र काम पूरा गर्न सकेन। निर्माण कम्पनीले तीन महिनाभित्रै निर्माण गर्नुपर्ने होल्डिङ सेन्टर २०७८ जेठमा पूरा हुँदासम्म महामारीले उत्पन्न परिस्थिति सहज बन्न थालेको थियो। होल्डिङ सेन्टर निर्माण हुँदासम्म अवस्था सहज बनेपछि ठुलो लगानीको संरचना प्रयोगमा आउन सकेन। होल्डिङ सेन्टरमा २२ वटा क्वारेन्टाइन, २२ वटा चर्पी र १५ वटा डाइनिङ हलसहितको भान्साकोठा रहेका छन्।

# गृहको कार्यसम्पादनमा रुकुमपश्चिम उत्कृष्ट

नमस्ते समचारदाता
रुकुमपश्चिम, फागुन/०६




गृह मन्त्रालयले गरेको दोस्रो त्रैमासिकको कार्यसम्पादन मूल्याङ्कनमा जिल्ला प्रशासन कार्यालय रुकुमपश्चिम उत्कृष्ट भएको छ । रुकुमपश्चिमसहित पाल्पा र इलाम समान अङ्क प्राप्त गरी देशभरमा उत्कृष्ट भएका हुन् । रुकुमपश्चिमका सहायक प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीका अनुसार गृह मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष ०८१/०८२ को दोस्रो त्रैमासिक कार्यसम्पादन मूल्याङ्कनमा देशभरबाट रुकुमपश्चिम, इलाम र पाल्पा समान अङ्क प्राप्त गरी पहिलो भएका हुन् । तीन वटै जिल्लाले २० पूर्णाङ्कमा समान कुल १९ दशमलव ५ अङ्क प्राप्त गरेका छन् । गृह मन्त्रालयले सार्वजनिक गरेको दोस्रो त्रैमासिकको परिणाम अनुसार १९ दशमलव ३७५ अङ्क ल्याएर कास्की, तेह्रथुम, रामेछाप र स्याङ्जा जिल्लाले दोस्रो स्थान हासिल गरेका छन् । त्यसैगरी पर्वत, बागलुङ र मनाङ जिल्लाले समान १९ दशमलव २५ अङकका साथ तृतीय स्थान हासिल गर्न सफल भएका छन् । गृह मन्त्रालयको कार्यसम्पादन मूल्याङ्कन कमजोर नतिजा १३ दशमलव ०६२५ अङ्क प्राप्त गरी बाजुरा ७७ औँ र १३ दशमलव ५६२५ अङ्क प्राप्त गरी खोटाङ ७६ औँ स्थानमा रहेका छन् । प्रमुख जिल्ला अधिकारी र मन्त्रालयका गृह सचिवबिच हुने कार्यसम्पादन सम्झौता र विभिन्न सूचकका आधारमा कार्यसम्पादन मूल्याङ्कनको नतिजा सार्वजनिक गर्ने गरिन्छ । जसअन्तर्गत कार्यसम्पादनमा शान्ति, सुरक्षा र अपराध नियन्त्रण, सुशासन र सेवा प्रवाह, लागु औषध नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मुआब्जा तथा विकास निर्माणमा समन्वय र आर्थिक प्रशासन लगायतका विषयहरू पनि मूल्याङ्कनका सूचकहरू रहेका हुन्छन् ।


## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके